चेम्बर र विश्व बैंकबीच लगानी छलफल

काठमाडौं (संवाददाता)- नेपाल चेम्बर अफ कमर्स र विश्व बैंक समूहबीच बिहीबार नेपालको निजी क्षेत्रको अवस्था, लगानीका अवसर र वर्तमान चुनौतीबारे छलफल भएको छ। बैठकमा अध्यक्ष कमलेशकुमार अग्रवालले जेनजी आन्दोलनपछि अर्थतन्त्रमा असर भए पनि निजी क्षेत्रको मनोबल उच्च रहेको बताए।

नेपालको प्राकृतिक स्रोत, ५७ प्रतिशत युवा जनशक्ति, कम उत्पादन लागत र अनुकूल मौसमले नेपाललाई बैदेशिक लगानीका लागि आकर्षक बनाएको उनले उल्लेख गरे। भौतिक पूर्वाधार, कृषि, जलविद्युत, पर्यटन, खानी, जडीबुटी र औषधी वनस्पति क्षेत्रमा लगानीका ठूलो सम्भावना रहेको उनले औँल्याए।

विश्व बैंक समूहका साउथ एसिया लिड इकोनोमिस्ट मर्चिन पियाट्कोस्कीले संस्थागत सुधार, नीति-सामञ्जस्य र नवप्रवर्तनमा ध्यान दिनुपर्ने सुझाव दिँदै निजी क्षेत्र सुदृढीकरणमा सहकार्य आवश्यक रहेको बताए। छलफलमा चेम्बरका पदाधिकारी, समितिका सभापति र उद्योगी-व्यवसायीहरूले कृषि, सूचना प्रविधि, आवास, ऊर्जा, पर्यटन र सेवा क्षेत्रमा देखिएका चुनौती तथा सुधारका सुझाव प्रस्तुत गरे। बैठकमा विश्व बैंकका विभिन्न वरिष्ठ प्रतिनिधिहरू पनि सहभागी थिए।

एनसेलका डेटा प्याक प्रयोगकर्तालाई मेटलाइफको बीमा सुरक्षा

काठमाडौं (संवाददाता) - दूरसञ्चार सेवा प्रदायक एनसेलले मेटलाइफ नेपालसँगको साझेदारीमा नेपालमै पहिलोपटक 'डाटासँगै जीवन बीमा' नामक नयाँ योजना ल्याएको छ। योजनाअन्तर्गत ग्राहकहरूले मोबाइल डेटा प्रयोगसँगै जीवन र घातक रोग बीमा सुविधा पनि प्राप्त गर्न सक्नेछन्।

एनसेलले प्रस्तुत गरेको योजना दुई प्याकेजमा उपलब्ध छ। पहिलो प्याकेज करसहित ९९ रुपैयाँमा छ, जसमा ३ दिनको लागि १०० एमबी डेटा, २ लाख रुपैयाँ बराबरको म्यादी जीवन बीमा र २ लाख रुपैयाँ बराबरको घातक रोग बीमा समावेश छ। दोस्रो प्याकेज ३९ रुपैयाँमा उपलब्ध छ, जसमा ३ दिनको १०० एमबी डेटा, ५० हजार रुपैयाँ बराबरको जीवन बीमा र ५० हजार रुपैयाँ बराबरको घातक रोग बीमा पाइन्छ। बीमा सुविधा प्याक खरिद मितिबाट ३० दिनसम्म मान्य हुनेछ।

ग्राहकहरूले एनसेल एप्मार्फत आफूलाई मनपर्ने प्याक रोज्न सक्नेछन्, वा एनसेलले दिएको नम्बर डायल गरेर पनि सेवा सक्रिय गर्न सकिन्छ। टर्म लाइफ बीमा फाराम बुझाउनेबित्तिकै जीवन बीमा सुरु हुन्छ भने क्रिटिकल इलनेस (गम्भीर रोग) कभरेज ३० दिनको प्रतीक्षा अवधिपछि सक्रिय हुन्छ।

एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपेंग दत्तका अनुसार, यो सेवा विशेषगरी विकट र ग्रामीण समुदायसम्म बीमा पहुँच विस्तार गर्न सामाजिक प्रतिबद्धता बोकेको छ। मेटलाइफ नेपालका प्रमुख वितरण अधिकृत अरुण बहादुर बस्नेतले भने, 'सानो र छोटो अवधिको डेटा खरिदबाट सेवाग्राही र उनका परिवारलाई सुरक्षा प्रदान गर्नु नै साझेदारीको मुख्य उद्देश्य छ।' यो नवीन सेवा डिजिटल, सुलभ र प्रभावकारी बीमा सुविधा उपलब्ध गराउँदै नेपालको वित्तीय समावेशिता र सामाजिक सुरक्षामा ठूलो योगदान पुऱ्याउने विश्वास गरिएको छ।

एनआईसी एसिया बैंकका सीईओ शाक्यद्वारा पदभार ग्रहण

काठमाडौं (संवाददाता)- एनआईसी एसिया बैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्यले बिहीबार पदभार ग्रहण गरेका छन्। उनलाई बैंक सञ्चालक समितिको गत सोमबारको बैठकले बैंकको सीईओ बनाउने निर्णय गरेको थियो।

झण्डै तीन दशकदेखि बैंकिङ क्षेत्रमा क्रियाशील शाक्यले भारतको नयाँ दिल्लीस्थित दिल्ली युनिभर्सिटीबाट बीकम, लखनउको इन्स्टिच्युट अफ प्रोडक्टिभिटी एण्ड म्यानेजमेन्टबाट एमबीए गरेका छन्। सन् १९९६ देखि तत्कालीन नेपाल क्रीलंका मर्चेन्ट बैंकबाट बैंकिङ करियर सुरु गरेका शाक्यले यसअघि हिमालयन बैंक, तत्कालीन लक्ष्मी बैंक, तत्कालीन बैंक अफ एसिया नेपाललगायतमा बिजनेस बैंकिङ प्रमुखका रुपमा काम गरेको अनुभव छ

तत्कालीन बैंक अफ एसिया नेपाल र एनआईसी बैंक मर्जर प्रक्रियामा पनि उनको मुख्य भूमिका थियो। यी बैंक मर्जरपछि एनआईसी एसिया बैंकमा पनि सहायक महाप्रबन्धकका रूपमा कर्पोरेट बैंकिङ प्रमुख भई महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। यस्तै, उनले तत्कालीन सिभिल बैंक र तत्कालीन जनता, ग्लोबल आईएमई बैंकमा पनि नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा काम गरिसकेका छन्। एनआईसी एसिया बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनु अघि पनि उनी नबिल बैंकमा वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत थिए।

पूर्व कर अधिकृत र ठेकेदारविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं (संवाददाता)- धरानको आन्तरिक राजस्व कार्यालयका तत्कालीन कर अधिकृत तिलक आले र स्वामीनारायण निर्माण सेवा प्रालि धरानका प्रबन्ध निर्देशक सन्तोषकुमार बस्नेतविरुद्ध राजस्व चुहावट प्रकरणमा विशेष अदालतमा मुद्दा दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार दुवै जनाले मिलेमतो गरी ठेक्का रकमको मूल्य अभिवृद्धि कर (भ्याट) दाखिला नगरी नेपाल सरकारलाई १ करोड २३ लाख ६९ हजार ६४९ भ्याँसी ६९ पैसा बराबरको हानि पुऱ्याएका थिए।

सुन्दरहरैंचा नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा गछिया खोलाबाट बालुवा-गिट्टी उत्खननका लागि स्वामीनारायण निर्माण सेवा प्रालिसँग ९ करोड ५१ लाख ५१ हजार १५१ रुपैयाँ (भ्याट बाहेक)मा ठेक्का सम्झौता गरेको थियो। तर उक्त ठेक्कावापत बुझाउनुपर्ने भ्याट दाखिला नगरी भ्रुटा लिखत बनाएर राजस्व छली गरिएको अनुसन्धानबाट प्रमाणित भएको आयोगले जनाएको छ।

आयोगले दुवै प्रतिवादीविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम कैद र जरिवानाको मागसहित विशेष अदालत काठमाडौंमा बिहीबार आरोपपत्र दायर गरेको हो।

शेयरबजारमा सूचक घट्यो, कारोबार बढ्यो

news 24

काठमाडौं, कात्तिक २०

साताको अन्तिम कारोबार दिन बिहीबार शेयरबजार परिसूचक दोहोरो अंकले घटेको छ। तर, कारोबार रकम भने अघिल्लो दिनका तुलनामा बढेको छ। नेप्से ११.२९ अंकले घट्दै २५९६.१२ को बिन्दुमा बजार बन्द हुँदा ५ अर्ब ४१ करोड ६९ लाख ३९ हजार ३५७ रुपैयाँ २३ पैसाको शेयर कारोबार भएको छ।

यसअघि बुधवार नेप्से परिसूचक १२.१७ अंक बढेर २६०७.४२ बिन्दुमा रहँदा कारोबार रकम खुम्चिँदै ४ अर्ब ६८ करोड १९ लाख रुपैयाँमा सीमित भएको थियो। बजार सूचकलाई ३.४११ प्रतिशतले उकालो लागेको फाइनान्सले थामेको थियो।

बिहीबार उत्पादन तथा प्रशोधन र म्युचुअल फण्डबाहेक सबै उपसमूह घटेका छन्। त्यसले सूचकमा चाप परेको हो। ७७ कम्पनीको शेयरमूल्य बढेको छ भने १६५ को घटेको छ। नौ कम्पनीको शेयरमूल्य स्थिर रहयो।

बढेकामध्ये भर्खरै आईपीओ जारी गरेर दोस्रो बजार कारोबारका लागि नेप्सेमा सूचीकृत दरमखोला हाइड्रोपावरको शेयरमा पहिलो दिन नै पोजिटिभ सर्किट लागेको छ। उक्त कम्पनीको शेयरमूल्य प्रतिकित्ता ४४२ रुपैयाँ २० पैसा पुगेको छ।

यस्तै दरमखोलाअघि भर्खरै सूचीकृत माबिलुङ इनर्जीको शेयर पनि सर्किटस्तरमा ९.९९ प्रतिशतले बढेर प्रति कित्ता ४२२ रुपैयाँ ७० पैसा भएको छ। यसैगरी उपकार लघुवित्त ८.१५, उन्नति सहकार्य लघुवित्त ८.११ र मानुषी लघुवित्त ७.९७ प्रतिशतले बढेको छ।

शेयरमूल्य घटेका कम्पनीमध्ये सम्पदा लघुवित्तका लगानीकर्ता बढी नोक्सानमा रहे।

उक्त संस्थाको शेयरमा नेगेटिभ सर्किट लागेको छ। सर्वाधिक कारोबार भएका ५ कम्पनीमा शिवम् सिमेन्ट पहिलो नम्बरमा रहयो। उक्त कम्पनीको शेयर ३० करोड ९११ लाख रुपैयाँको किनबेच भएको छ। यस्तै राधी विद्युत् कम्पनीको ३० करोड ७६ लाखको किनबेच भएको छ। सर्वाधिक कारोबार हुने तेस्रो कम्पनीमा हिमालयन डिष्टिलरी रहयो। लगानीकर्ताहरूलाई २० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश घोषणा दिने गरेको उक्त कम्पनीले कात्तिक ३० मा वीरगंजमा २५औं वार्षिक साधारण सभा तोकिसकेको छ। त्यसका लागि बिहीबार बुक क्लोज राखेको थियो। बुधवारसम्म नेप्सेमा कारोबार भई कायम लगानीकर्ता लाभांश पाउन योग्य हुने भएकाले बजारमा किनबेचमा चासो देखिएको हो। उक्त कम्पनीको २७ करोड ८५ लाख रुपैयाँको शेयर कारोबार भएको छ। कारोबार रकमका आधारमा तेस्रो भए पनि कारोबार संख्यामा हिमालय डिष्टिलरी पहिलो भएको नेप्सेको तथ्यांकमा छ।

यस्तै एनआरएन इन्फ्रास्ट्रक्चरको २७ करोड २६ लाख र युनियन हाइड्रोपावरको १९ करोड ५२ लाख रुपैयाँको शेयर कारोबार भएको छ। बिहीबार ५० हजार ४ सय ४३ कारोबारमा १ करोड ८ लाख ६८ हजार १४६ कित्ता शेयर खरिदबिक्री भएको नेपाल स्टक एक्सचेञ्जले जनाएको छ।

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालयः काठमाण्डौं-२, लाजिम्पाट, फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइटः www.garimabank.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८२/७७/२१ गते

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणहिरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग रहेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लागे अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्योहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा रापफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्योहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
१. क) ऋणीको नामः सिद्धि गणेश वायर प्रा.लि. कम्पनीको ठेगानाः जीतपुर सिमरा उ.म.न.पा.-३, बारा कम्पनी दर्ता नं.: २१५७७४/७५/०७६ कम्पनी दर्ता मितिः २०७६/०२/१२ कम्पनीको पान नं. ६०९५४३७३१ कम्पनी दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्राको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं **अख्तियार प्राप्त व्यक्तिः राजु प्रसाद तिम्सीना** **कर्जा शीर्षकः क्यास केडिट कर्जा/ व्यवसाय आवधिक कर्जा** ख) ऋणी/धनजमानीकर्ताको नामः राजु प्रसाद तिम्सीना बाबुको नामः लिलानाथ तिम्सीना बाजेको नामः चन्द्र शेखर तिम्सीना स्थायी ठेगानाः पिपरासिमरा गाउँ पञ्चवत-५, बारा हालको ठेगानाः जीतपुर सिमरा उ.म.न.पा.-३, बारा ना.प्र.नं.: ११७२/२९८९, जारी मितिः २०४५/११/३० जारी जिल्लाः बारा **कर्जा शीर्षकः व्यक्तिगत अधिविकर्ष कर्जा** **शाखा कार्यालयः सिमरा, बारा**	क) नामः मुक्ता कुमारी पौडेल पतिको नामः राजु प्रसाद तिम्सीना ससुराको नामः लिलानाथ तिम्सीना स्थायी ठेगानाः जानकीनगर गा.वि.स.-८, सर्लाही हालको ठेगानाः जीतपुर सिमरा उ.म.न.पा.-३, बारा ना.प्र.नं.: ३१६४४६५५ जारी मितिः २०५२/०३/११, जारी जिल्लाः सर्लाही ख) नामः राजेश बाबु शर्मा बाबुको नामः राम बाबु प्रसाद शर्मा बाजेको नामः भोला राम शर्मा स्थायी ठेगानाः भ. जीतपुर गा.वि.स.-६, बारा हालको ठेगानाः जीतपुर सिमरा उ.म.न.पा.-७, बारा ना.प्र.नं.: ८४००, जारी मितिः २०५९/०२/२२ जारी जिल्लाः बारा ***नोटः ऋणी सिद्धि गणेश वायर प्रा.लि को क्यास केडिट कर्जामा व्यक्तिगत धनजमानीकर्ताहरु राजु प्रसाद तिम्सीना, मुक्ता कुमारी पौडेल र व्यवसाय आवधिक कर्जामा धनजमानीकर्ता राजु प्रसाद तिम्सीना, राजेश बाबु शर्मा रहेको तथा ऋणी राजु प्रसाद तिम्सीनाको व्यक्तिगत अधिविकर्ष कर्जामा व्यक्तिगत धनजमानीकर्ता मुक्ता कुमारी पौडेल रहेको।***

सुरक्षण धितोको विवरणः
१. मालपोत कार्यालय सिमरा बारामा राजु प्रसाद तिम्सीनाको नाममा दर्ता श्रेस्ता कायम रहेको पिप्रासिमरा गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. १८८६ को क्षे.फ. ०-०-१२ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. मालपोत कार्यालय सिमरा बारामा मुक्ता कुमारी पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको पिप्रासिमरा गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. २३८७, ५७९ को क्षे.फ. क्रमशः ०-४-७-०, ०-११-२०$^{१/२}$ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. मालपोत कार्यालय सिमरा बारामा मुक्ता कुमारी पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको पिप्रासिमरा गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. १८१५ को क्षे.फ. ०-०-७ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
२. क) ऋणीको नामः धनीसरा गाहा भन्ने धनिलसरा गाहा पतिको नामः डिल बहादुर गाहा भन्ने डिल बहादुर थापा ससुराको नामः हुम बहादुर गाहा स्थायी ठेगानाः तिलोत्तमा-१०, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-११, रुपन्देही ना.प्र.नं.: ७३५४ पाल्पा जारी मितिः २०४५/०२/०४ जारी जिल्लाः रुपन्देही **कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा/ विपन्न वर्ग कर्जा** **शाखा कार्यालयः मणिग्राम, रुपन्देही** ख) ऋणीको नामः डिल बहादुर गाहा मगर भन्ने डिल बहादुर थापा बाबुको नामः हुम बहादुर गाहा बाजेको नामः रामवर गाहा स्थायी ठेगानाः तिलोत्तमा-१०, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-११, रुपन्देही ना.प्र.नं.: २०८४२ पाल्पा जारी मितिः ४०४९/०५/३१, जारी जिल्लाः रुपन्देही **कर्जा शीर्षकः व्यक्तिगत लघुउद्यम कर्जा** **शाखा कार्यालयः मणिग्राम, रुपन्देही**	क) नामः डिल बहादुर गाहा मगर भन्ने डिल बहादुर थापा बाबुको नामः हुम बहादुर गाहा बाजेको नामः रामवर गाहा स्थायी ठेगानाः तिलोत्तमा-१०, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-११, रुपन्देही ना.प्र.नं.: ०८४१२ पाल्पा जारी मितिः २०४९/०५/३१, जारी जिल्लाः रुपन्देही ख) नामः धनीसरा गाहा भन्ने धनिलसरा गाहा पतिको नामः डिल बहादुर गाहा भन्ने डिल बहादुर थापा ससुराको नामः हुम बहादुर गाहा स्थायी ठेगानाः तिलोत्तमा-१०, रुपन्देही हालको ठेगानाः बुटवल न.पा.-११, रुपन्देही ना.प्र.नं.: ७३५४ पाल्पा जारी मितिः २०४५/०२/०४, जारी जिल्लाः रुपन्देही ग) नामः अभिषेक नेपाली बाबुको नामः डिल बहादुर नेपाली बाजेको नामः लक्ष्मण नेपाली स्थायी ठेगानाः करहिया-६, रुपन्देही हालको ठेगानाः तिलोत्तमा न.पा.-७, रुपन्देही ना.प्र.नं.: ३७१००६/२७९८७ जारी मितिः २०६७/०३/०८, जारी जिल्लाः रुपन्देही

नोटः धनीसरा गाहा भन्ने धनिलसरा गाहाको ***व्यक्तिगत आवधिक कर्जा/ विपन्न वर्ग कर्जामा*** व्यक्तिगत धन जमानीकर्ता डिल बहादुर गाहा मगर भन्ने डिल बहादुर थापा रहेको र डिल बहादुर गाहा मगर भन्ने डिल बहादुर थापाको ***व्यक्तिगत लघुउद्यम कर्जामा*** व्यक्तिगत धन जमानीकर्ताहरु धनिसरा गाहा भन्ने धनिलसरा गाहा, अभिषेक नेपाली रहेको ।

सुरक्षण धितोको विवरणः मालपोत कार्यालय बुटवल, रुपन्देहीमा धनीसरा गाहा भन्ने धनिलसरा गाहाको नाममा दर्ता श्रेस्ता कायम रहेको बुटवल न.पा वडा नं. ९ नक्सा सीट नं.९च को कित्ता नं. ४६९ क्षे.फ. ०-०-४.७५-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
३. क) ऋणीको नामः शिक्षा पौडयाल पतिको नामः दिनेश कुमार विश्वकर्मा ससुराको नामः टेक बहादुर विश्वकर्मा स्थायी ठेगानाः घनगढी उ.म.न.पा-४, कैलाली हालको ठेगानाः पुनर्वास न.पा.-५, कञ्चनपुर ना.प्र.नं.: ६७०१-७२-०५७७६ जारी मितिः २०७२/०७/१६, जारी जिल्लाः कैलाली **कर्जा शीर्षकः आवास कर्जा** **शाखा कार्यालयः घनगढी, कैलाली**	क) नामः दिनेश कुमार विश्वकर्मा बाबुको नामः टेक बहादुर विश्वकर्मा बाजेको नामः मुण्डराज विश्वकर्मा स्थायी ठेगानाः त्रिभुवनवस्ती गा.वि.स-७, कञ्चनपुर हालको ठेगानाः पुनर्वास न.पा.-५, कञ्चनपुर ना.प्र.नं.: ७५३०२०/२ जारी मितिः २०६३/१०/११ जारी जिल्लाः कञ्चनपुर

सुरक्षण धितोको विवरणः मालपोत कार्यालय बेलैरी, कञ्चनपुरमा **शिक्षा पौडयालको** नाममा दर्ता श्रेस्ता कायम रहेको त्रिभुवनवस्ती गा.वि.स. स्थित वडा नं. २ को कित्ता नं. १५९२ को क्षे.फ. १६९३.१५ व.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
४. ऋणीको नामः इन्द्र बहादुर श्रेष्ठ बाबुको नामः डिल बहादुर श्रेष्ठ बाजेको नामः भक्त बहादुर श्रेष्ठ स्थायी ठेगानाः दहथुम गा.वि.स ०९, स्याइजा हालको ठेगानाः टोखा-९, काठमाण्डौं ना.प्र.नं.: ८४, जारी मितिः २०४६/१०/१० जारी जिल्लाः स्याइजा **कर्जा शीर्षकः हायर पर्चेज कर्जा/ कोभिड प्रभावित कर्जा/ थप चालपुँजी कर्जा** **शाखा कार्यालयः गोंगबु, काठमाण्डौं**	क) नामः निरञ्जन थापा बाबुको नामः समेर थापा ससुराको नामः सुक बहादुर थापा स्थायी ठेगानाः कुञ्जा-०९, लमजुङ हालको ठेगानाः टोखा-१०, गोंगबु, काठमाण्डौं ना.प्र.नं.: ४५३०३३/१९२ जारी मितिः २०६३/११/०९, जारी जिल्लाः लमजुङ

सुरक्षण धितोको विवरणः नारायणी यातायात व्यवस्था कार्यालयमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी इन्द्र बहादुर श्रेष्ठ कायम रहेको निम्न सवारी साधनहरु ।
सवारी दर्ता नं: ना.प्र ख. ४९१७, कम्पनीको नामः टाटा मोटर्स भारत, माडेलः LPO1512TC/53
बनेको सालः २०१४, च्यासिस नं: MAT412076EOG04056, इन्जिन नं: 41F84169582

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
५. ऋणीको नाम : लाल सुब मेन्ढो निर्माण सेवा दर्ता गर्ने निकायः प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, मन्चली, रामेछाप दर्ता नं: १५९६/०७०/०७१, दर्ता मितिः २०७७/०८/२५ पान नं : ६०६०६४०४८ फर्मको ठेगानाः मन्चली न.पा.-२, रामेछाप **प्रोप्राइटर/ जमानीकर्ताको नामः बद्री कुमार खड्का** बाबुको नामः भक्त बहादुर खड्का बाजेको नामः टेक बहादुर खड्का स्थायी ठेगानाः नागदह -०८, रामेछाप ना.प्र.नं: १९४७७, जारी मितिः २०४८/०५/१३ जारी जिल्लाः रामेछाप **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **शाखा कार्यालय : नर्यां बानेश्वर, काठमाण्डौं**	क) नामः मिनुका खड्का बाबुको नामः कुल बहादुर बुढाथोकी पतिको नामः बद्री कुमार खड्का ससुराको नामः भक्त बहादुर खड्का स्थायी ठेगानाः कठजोर-०६, रामेछाप ना.प्र.नं: ६६२८२ जारी मितिः २०६१/०१/२७ जारी जिल्लाः रामेछाप **सुरक्षण धितोको विवरणः** यातायात व्यवस्था कार्यालय बागमतीमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी **लाल सुब मेन्ढो निर्माण सेवा** कायम रहेको निम्न सवारी साधन । दर्ता नं. : बा ३ क ३९९७ इन्जिन न. 4H3307/1820003 च्यासिस न. ECE07611JJ0141822 कम्पनीको नामः ESCORT LIMITED मोडेलः DIGMAX, बनेको सालः २०१८

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
६. ऋणीको नामः लक्की स्टेशनरी फर्मको ठेगानाः वीरगंज-१०, पानीटंकी, पर्सा फर्म दर्ता नं.: ३३३४६/०७२/७३ (स्थानीय व्यापार) फर्म दर्ता मितिः २०७२/०४/१२ फर्मको पान नं. ६०३३२०१८८ फर्म दर्ता निकायः नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वीरगंज **प्रोप्राइटर/ धनजमानीकर्ताको नामः चेतराज राउत कमकर** बाबुको नामः चोकट राउत कमकर बाजेको नामः ढोडा राउत कंकर स्थायी ठेगानाः सिवर्वा गा.वि.स.-८, पर्सा हालको ठेगानाः वीरगंज म.न.पा.-८, पर्सा ना.प्र.नं.: ७०५३२०९३, जारी मितिः २०५५/१२/०७ जारी जिल्लाः पर्सा **कर्जा शीर्षकः सानातथा मझौला अधिविकर्ष कर्जा/ पुनरसंरचना कर्जा** **शाखा कार्यालयः वीरगंज, पर्सा**	क) नामः सुनिता देवी पतिको नामः चेतराज राउत कमकर ससुराको नामः चोकट राउत कमकर स्थायी ठेगानाः पोखरिया न.पा.-१३, पर्सा हालको ठेगानाः वीरगंज म.न.पा.-८, पर्सा ना.प्र.नं.: ३४-०१-७३-००३९२ जारी मितिः २०७३/०१/१२ जारी जिल्लाः पर्सा **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय पर्सामा चेतराज राउत कमकरको नाममा दर्ता श्रेस्ता कायम रहेको सिवर्वा गा.वि.स वडा नं. ७ नक्सा सीट नं. ०१४२ स्थित कित्ता नं. ८३० को क्षे.फ. ०१६८.२३ वर्ग मिटर भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताको विवरण
७. ऋणीको नाम : बृद्धिसागर गैहे बाबुको नाम : नोमनाथ गैहे बाजेको नाम : नारायण दत्त गैहे स्थायी ठेगानाः रानीपोखरी-९, तनहुँ हालको ठेगानाः पोखरा म.न.पा. ०७, कास्की ना.प्र.नं.: १८८६३, जारी मितिः २०५३/०१/२३ जारी जिल्लाः तनहुँ **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **शाखा कार्यालय : महेन्द्रपुल, कास्की**	क) नाम : इन्दीरा गैहे बाबुको नाम : मेघ राज बराल पतिको नाम : बृद्धिसागर गैहे ससुराको नाम : नोमनाथ गैहे स्थायी ठेगानाः रानीपोखरी-९, तनहुँ हालको ठेगानाः पोखरा म.न.पा. ०७, कास्की ना.प्र.नं : ६८६६५ जारी मिति : २०६०/०८/२४ जारी जिल्लाः तनहुँ

सुरक्षण धितोको विवरणः यातायात व्यवस्था कार्यालय नारायणीमा गरिमा विकास बैंकको नाममा दर्ता भई ऋणी **बृद्धिसागर गैहे** कायम रहेको निम्न सवारी साधन ।

क) सवारी दर्ता नं : ना प्र ख ८४३६ कम्पनीको नामः टाटा मोटर्स भारत, बनेको सालः २०१६
च्यासिस नम्बरः MAT453514G7R11334 ईन्जिन नम्बरः 497TC92FTY825293, मोडेलः LP712/38EX

ख) सवारी दर्ता नं : ना ६ ख १७८३ कम्पनीको नामः टाटा मोटर्स भारत, बनेको सालः २०१५
च्यासिस नम्बरः MAT412059F1C07075 ईन्जिन नम्बरः 51C63431113, मोडेलः LP1512TC/52

शर्त बन्देजहरु :

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको शाखा/क्षेत्रीय कार्यालय/ केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०७/३० गते आइतबार दिनको ४:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश